# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

**(नेपाल सरकारको स्वामित्व भएको)**

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## प्रेश विज्ञप्ति

आज मिति २०७५/०१/१२ गते बुधबार नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) र सिडिएस एन्ड क्लियरिङ लिमिटेडको आयोजनामा प्रदेश नं.-७ को धनगढीमा लगानीकर्ता सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

कार्यक्रम उक्त प्रदेशका माननीय अर्थ मन्त्री श्री झपटबहादुर बोहराको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । कार्यक्रममा माननीय अर्थ मन्त्री बोहराले आफ्नो प्रदेशले स्थानीय ऋणपत्र जारी गर्ने गृहकार्य गरिरहेको जानकारी दिनुभयो । उहाँले धितोपत्र दलालको संख्या थप्नुपर्ने, अनलाइन कारोबार प्रणाली छिट्टै ल्याउनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले समसामयिक गतिविधिमाथि प्रकाश पार्नुभएको थियो । यसैगरी नेप्सेका प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रसिंह साउदले अनलाइन कारोबार प्रणाली विकासको कार्य धेरै अगाडि बढीसकेकोले निकट भविष्यमै कार्यान्वयनमा आउने जानकारी दिनुभयो । अनलाइन कारोबार प्रणाली कार्यान्वयनमा आएपछि बजारको पहुँच विस्तार हुनेमा आफु विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका तर्फबाट कार्यकारी निदेर्शक श्री निरज गिरि, नेप्सेका तर्फबाट अधिकृत श्री प्रकाशबहादुर देउवा र सिडिएस एन्ड क्लियरिङ लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवप्रकाश गुप्ताले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**

चलानी नं. :




पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**